## सिम्ता राजपत्र

# सिम्ता गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ६ संख्या: ३/४ मिति: २०७९।१०।०६

भाग: २

**सिम्ता गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## सिम्ता गाउँपालिका तथ्यांक व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७९

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सिम्ता गाउँपालिकाले स्थानीय सिम्ता गाउँपालिका तथ्यांक व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७९ जारी गरेको छ ।

## सिम्ता गाँउपालिका
## तथ्यांक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/१०/०६
प्रमाणीकरण मितिः २०७९/१०/०६

**प्रस्तावनाः**

स्थानीय तहसँग रहेको तथ्यांक संकलन, अभिलेख व्यवस्थापन र त्यसको प्रयोगको अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, स्थानीय विकासको लागि आवश्यक सामाजिक, आर्थिक, सांस्कृतिक लगायत विभिन्न तथ्यांकहरूको संकलन, प्रशोधन, विश्लेषण, भण्डारण, सम्प्रेषण गर्न तथा तथ्यांकमा पहुँच, तथ्यांकको संरक्षण सूनिश्चित गर्दै एकीकृत तथ्यांक प्रणालीको प्रयोग गरी तथ्यांक व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,
स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १५ दफा १०२ सिम्ता गाँउपालिकाको प्रशासकीय कार्यविधि ऐन, २०७४ को दफा ४ तथा सिम्ता गाँउपालिका तथ्यांक व्यवस्थापन नीति, २०७९ बमोजिम यो कार्यविधि बनाई लागू गरेको छ।

### परिच्छेद -१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधि को नाम "सिम्ता गाँउपालिका तथ्यांक व्यवस्थापन कार्यविधि, २०७९" रहनेछ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "उपाध्यक्ष" भन्नाले सिम्ता गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(ख) "डाटाबेस" वा "कम्प्युटर डाटाबेस" भन्नाले कम्प्युटर वा कम्प्युटर प्रणालीमा प्रयोग गर्ने उद्देश्यले अङ्क, अक्षर, छवि वा श्रब्यदृश्यमा औपचारिक तवरले तयार गरिएको सांख्यिकीय विवरण, तथ्यांक, सूचना, नक्सा, ज्ञान तथा अवधारणालाई सम्झनुपर्छ ।

(ग) "कम्प्युटर नेटवर्क" भन्नाले एकअर्कासँग अन्तरआबद्ध वा संचारसम्पर्कमा रहेका दुई वा दुई भन्दा बढी कम्प्युटरहरूको अन्तरसम्बद्धतालाई सम्झनुपर्छ।

(घ) "तथ्यांक" भन्नाले कुनै प्राकृतिक तथा कानूनी व्यक्तिसँग सम्बन्धीत आर्थिक, सामाजिक, भौतिक, वातावरणीय, भुस्थानिक (geospatial) जानकारी तथा तथ्यांक लगायतका विवरण, चित्र, श्रव्यदृष्य, लगत र सूचना सम्झनुपर्छ र सो शव्दले त्यस्ता विवरण, लगत र सूचनाको व्यवस्थित संकलन, प्रस्तुतीकरण वा विश्लेषण गरी तयार पारिएको संख्यात्मक प्रस्तुतीलाई समेत जनाउँछ ।

(ङ) "तथ्यांक संकलन" भन्नाले गाँउपालिकाले निश्चित उद्देश्य सहित सर्भेक्षण वा अन्य कुनै तथ्यांक संकलनका माध्यम प्रयोग गरी क्षेत्रगत तथा बिषयगत रूपमा तथ्यांक जम्मा गर्ने, एकीकृत गर्ने वा

अध्यावधिक गर्ने कार्यलाई सम्झिनु पर्छ । तथ्यांक संकलन शब्दले गाँउपालिकाले सेवा प्रवाहको तथा नियमित कार्य सञ्चालनको प्रक्रियामा संकलन गरिएको तथा प्रशोधन गरी तथ्य, तथ्यांक, जानकारी तथा सूचना तयार गर्ने कार्य समेतलाई जनाउँछ ।

(च) "तथ्यांक अधिकृत" भन्नाले गाउँपालिकाको तथ्यांक अधिकृतलाई सम्झनुपर्छ।

(छ) "गाउँपालिका" भन्नाले सिम्ता गाउँपालिकालाई सम्झनुपर्छ।

(ज) "निर्धारित तथ्यांक" भन्नाले एकीकृत तथ्यांक प्रणाली अन्तर्गत कुनै खास शाखा वा इकाईले गर्ने भनी निर्धारण गरिएको तथ्यांक वा तथ्यांक कार्यलाई सम्झनुपर्छ।

(झ) "विद्युतीय अभिलेख" भन्नाले विधुतीयस्वरुपको कुनै माध्यमबाट सिर्जना गरी सम्प्रेषण गरिएका, प्राप्त गरिएका वा जम्मा गरिएका तथ्यांक, अभिलेख, छवि वा श्रब्यदृश्यलाई सम्झनुपर्छ।

(ज) "विषयगत शाखा" भन्नाले गाँउपालिका अन्तर्गतको विषयगत शाखा, वडा कार्यालय वा इकाईलाई सम्झनुपर्छ। यस शब्दले संविधान बमोजिम गाँउपालिकालाई तोकिएको कार्य सम्पादन गर्नका लागि गाँउकार्यपालिका अन्तर्गत रहने शिक्षा, स्वास्थ्य, कृषि, वन, पशु विकास, महिला विकास जस्ता विशेष क्षेत्रगत कार्यालय वा इकाईलाई समेत सम्झनु पर्छ।

(ट) "राष्ट्रिय तथ्यांक प्रणाली" भन्नाले नेपाल सरकारद्वारा स्थापना गरिएको राष्ट्रिय तथ्यांक प्रणालीलाई सम्झनुपर्छ ।

(ठ) "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन भएको तथ्यांक समितिलाई सम्झनुपर्छ।

(ड) "सर्वेक्षण" भन्नाले कुनै विषयको गतिविधि, प्रयोग र प्रवृति सम्बन्धी तथ्यपूर्ण जानकारीको लागि नमूना छनौट गरी तथ्यांक संकलन गरिने विधि वा प्रक्रिया सम्झनुपर्छ ।

## परिच्छेद २
## तथ्यांक संकलन, उत्पादन तथा प्रशोधन सम्बन्धी व्यवस्था

**३. तथ्यांक संकलनसम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा स्थानीय सरकारलाई भएको अधिकार तथा अन्य प्रचलित कानुन अनुसार देहायको स्थानीय तथ्यांक संकलन गर्नेछः

(क) व्यक्तिगत घटना (जन्म, मृत्यु, विबाह, बसाइ-सराइ, सम्बन्धविच्छेद र धर्मपुत्र/धर्मपुत्री) सम्बन्धी तथ्यांक

(ख) आधारभूत तथा माध्यामिक शिक्षासँग सम्बन्धी विवरण

(ग) सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक लगायत भौतिक पूर्वाधार सम्बन्धी तथ्यांक

(घ) स्थानीय बजार, व्यापार तथा व्यवसाय सम्बन्धी तथ्यांक

(ङ) स्थानीय वातावरण संरक्षण तथा जैविक विविधता सम्बन्धी तथ्यांक

(च) प्राकृतिक, ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, मन्दिर, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला आदि सम्बन्धी तथ्यांक

(छ) पशुपक्षी सम्बन्धी तथ्यांक

(ज) कूल ग्राहस्थ उत्पादन

(झ) राजश्व तथा आय व्यय लगायत आर्थिक तथ्यांक

(ज) प्रतिव्यक्ति आय

(ट) मानव विकास तथा लैंगिक सशक्तिकरण सूचाकांक

(ठ) सामाजिक सुरक्षा भत्ता सम्बन्धी तथ्यांक

(ड) ज्येष्ठ नागरिक सम्बन्धी तथ्यांक

(ढ) अपांगता भएका व्यक्ति र शारिरीकरूपमा अशक्त व्यक्तिहरूको तथ्यांक

(ण) द्वन्द पीडित सम्बन्धी तथ्यांक

(त) सडक बालबालिका सम्बन्धी तथ्यांक

(थ) भूमिहिन वा आवासविहिन व्यक्ति र परिवार सम्बन्धी तथ्यांक

(द) रोजगारीको अवस्था सम्बन्धी तथ्यांक

(ध) विदेशी श्रमिक सम्बन्धी तथ्यांक

(न) तोकिए बमोजिमका अन्य तथ्यांक

(२) उपदफा (१) बमोजिमको तथ्यांक संकलन गर्न गाउँपालिकाले देहायको तरिका अपनाउनेछः

(क) गाउँपालिकाले सेवा प्रवाहको क्रममा सेवाग्राहीको मन्जुरीमा तथ्यांक संकलन;

(ख) गाउँपालिकाभित्र रहेका वडा कार्यालयले सेवा प्रवाहको क्रममा सेवाग्राहीको मन्जुरीमा तथ्यांक संकलन;

(ग) आवश्यकता अनुसार समय समयमा गरिने सर्वेक्षण तथा लगत संकलन; र

(घ) विभिन्न सरकारी निकाय, सार्वजनिक निकाय, नागरिक संघ संस्था तथा निजी क्षेत्रसँग सहकार्य गरी तथ्यांक संकलन ।

(३) उपदफा (१) बमोजिमको तथ्यांक संकलन गर्न गाउँपालिकाले आवश्यक सूचना प्रविधि तथा कम्प्युटर प्रणालीको उपयोग गर्नेछ ।

**४. तथ्यांकको परीक्षणः**

(१) गाउँपालिकाले संकलित तथ्यांकको सत्यता परीक्षण गर्न सक्नेछ ।

(२) संकलित तथ्यांक अपूर्ण भएमा वा सोको गुणस्तर वा विश्वसनियताको लागि थप तथ्यांक आवश्यक भएमा गाउँपालिकाले थप तथ्यांक संकलन गर्ने व्यवस्था मिलाउने छ ।

(३) गाउँपालिकामा रहेको तथ्यांक गलत वा तथ्यमा आधारित नभएको भनी कुनै उजुरी परेमा वा कार्यालय स्वयंलाइ लागेमा सच्याउन व्यवस्था मिलाउनेछ । त्यसको लागि गाँउपालिकामा रहेको तथ्यांक समितिले विज्ञको राय तथा सल्लाह समेत लिई आवश्यक कार्य गर्नेछ ।

**५. तथ्यांकको प्रशोधन तथा व्यवस्थापन सम्बन्धी व्यवस्थाः**

(१) दफा (३) बमोजिम संकलन गरिएको तथ्यांकलाई गाउँपालिकाले प्रचलित कानून बमोजिम सार्वजनिक तथ्यांक र वैयक्तिक तथ्यांकमा वर्गीकरण गरी तथ्यांकलाई व्यक्तिगतरूपमा पहिचान नखुल्ने गरी सामूहिक तथ्यांकका रूपमा उत्पादन तथा प्रशोधन गरी व्यवस्थापन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले सामूहिक तथ्यांकका रूपमा उत्पादन तथा प्रशोधन गरी व्यवस्थापन गर्दा देहाय बमोजिम खण्डीकृत तथ्यांक उपलव्ध हुने गरी भण्डारण तथा व्यवस्थापन गर्नेछः

(क) उमेर
(ख) अपांगता वा शारीरिक स्थिति
(ग) जात जाति
(घ) भौगोलिक स्थिति
(ङ) आय वा सम्पत्ति
(च) लैंगिक पहिचान
(छ) शैक्षिक अवस्था
(ज) रोजगारीको अवस्था
(झ) नागरिकता (वंशज (बाबुको नामबाट, आमाको नामबाट), अंगीकृत, नुषत, नागरिकताविहिन)
(ञ) वसोवास (स्थायी/अस्थायी)
(ज) अन्य

**६. तथ्यांक प्रकाशनसम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिकाले प्रचलित कानून बमोजिम तथ्यांक प्रकाशन गर्नेछ। तर गाउँपालिकाले कुनै व्यक्तिको मन्जुरी बिना निजको वैयक्तिक तथ्यांक र संवेदनशील तथ्यांक प्रकाशन गर्ने छैन ।

## परिच्छेद ३
## तथ्यांक भण्डारण तथा अद्यावधिक सम्बन्धी व्यवस्था

**७. विद्युतीय अभिलेखः**

(१) संकलन गरेको तथ्यांकलाई गाउँपालिकाले विद्युतीय स्वरुपमा अभिलेख राख्ने व्यवस्था मिलाउनेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको विद्युतीय अभिलेखलाई प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको तथ्यांक प्रणालीसँग आवद्द गराउन पर्ने भएमा सोही बमोजिम आवद्द गराईनेछ ।

(३) उपदफा (२) बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको तथ्यांक प्रणालीसँग आवद्ध गराउँदा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको तथ्यांक प्रणालीको अन्तरसम्वद्धतालाई विशेष ध्यान दिइनेछ ।

**८. कम्प्युटर डाटाबेस र प्रणालीः**

(१) गाउँपालिकाले संघ, प्रदेश र स्थानीय तथ्यांक प्रणालीबीचको अन्तरसम्वद्धतालाई ध्यानमा राखी आवश्यक एकीकृत स्थानीय कम्प्युटर डाटाबेस र प्रणाली विकास गर्नेछ ।

(२) गाउँपालिकाले दफा (७) बमोजिमको विद्युतीय अभिलेख व्यवस्थापनका लागि नेपाल सरकारको तथ्यांक केन्द्रमा सर्भर राख्नेछ । तर आवश्यकता अनुसार मुख्य तथा सहायक सर्भर गाउँपालिकाको कार्यालयमा राख्न सकिनेछ ।

(३) गाउँपालिकाले दफा (७) बमोजिमको विद्युतीय अभिलेख व्यवस्थापनका क्रममा नागरिकको तथ्यांक पर्याप्त सुरक्षा सुनिश्चितता विना नीजि क्षेत्र वा तेस्रो पक्षको सर्भरमा राख्ने छैन ।

**९. पुराना तथ्यांकको डिजिटाइजेसनः**

(१) गाउँपालिकाले पुराना भौतिक तथ्यांकलाई विद्युतीय अभिलेखमा राख्ने व्यवस्था मिलाउनेछ ।

(२) गाउँपालिकाले पुराना भौतिक तथ्यांकको प्राथमिकता निर्धारण गरी क्रमिकरूपमा विद्युतीय अभिलेखमा राख्नेछ ।

(३) भौतिक तथ्यांकलाइ विद्युतीय रुपमा राख्दा गाउँपालिकाले सकेसम्म मसिन रिडेबल रुपमा डिजिटाइजेसन गरी राख्नेछ ।

**१०. तथ्यांकको अद्यावधिकरणः**

(१) गाउँपालिकाले तथ्यांक संकलन तथा सेवा प्रदान गरिएकै समयमा तथ्यांक अद्याविधिक हुनु पर्ने तथ्यांकको हकमा सोही बमोजिम नियमितरूपमा अद्यावधिक गर्नेछ । तर तथ्यांक संकलन तथा सेवा प्रदान गरिएकै समयमा तथ्यांक अद्यावधिक गर्न नसकिने तथ्यांकको हकमा तीन महिनामा एक पटक स्थानीय तथ्यांकको अद्यावधीकरण गर्ने छ ।

(२) गाँउपालिकासँग रहेको तथ्यांकमा कुनै कारणले फरक पर्न गएको वा तथ्यांक गतल रहेको प्रमाणित भएमा पनि उपलब्ध प्रमाणको आधारमा तथ्यांक अद्यावधिकरण गरी सहि तथ्यांक गाँउपालिकाको तथ्यांक प्रणालीमा राखिनेछ ।

**११. तथ्यांकको स्वामित्वः**

(१) गाँउपालिकाले संकलन तथा व्यवस्थापन गरेको तथ्यांकमा कसैको प्रतिलिपी अधिकार आकर्षित हुने छैन । तर कुनै पनि व्यक्तिले तथ्यांक प्रयोग गर्दा तथ्यांकको स्रोतमा तथ्यांक संकलन गर्ने गाउँपालिकाको नाम भने खुलाउनु पर्नेछ ।

## परिच्छेद ४

## तथ्यांकको उपयोग सम्बन्धी व्यवस्था

**१२. तथ्यांकको उपयोग सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिकाले देहायको प्रयोजनका लागि तथ्यांकको उपयोग गर्नेछः

क) नीति तथा कानून निर्माण,

ख) बजेट तथा योजना तर्जुमा गर्न गराउन;

ग)नीति तथा कार्यक्रम तर्जुमा गर्न गराउन;

घ)जोखिममा रहेका समूह तथा प्राथमिकतामा राख्नु पर्ने समूह पहिचान गर्न गराउन;

(ङ) मानवीय कार्य तथा राहत वितरण गर्न गराउन;

(च) विकास कार्य तथा कार्यक्रमको अनुगमन तथा मुल्यांकन;

(छ) अन्य ।

(२) गाउँपालिकाले बजेटको पूर्व तयारी, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण लगायतका कार्यहरू गर्दा तथ्यांकमा आधारित भएर गर्नेछ ।

(३) विकास कार्यक्रमको छनौट, तयारी तथा कार्यावन्यन तथा मुल्यांकन गर्दा महिला, दलित, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक र पछाडि पारिएका वर्गहरूको जनसंख्या, सहभागिता र लाभसम्बन्धी तथ्यांकलाई विशेष ध्यान दिईनेछ ।

**१३. सार्वजनिक सेवा प्रवाहमा तथ्यांकको उपयोग सम्बन्धी व्यवस्थाः**

गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा नियमित सुधार गर्न तथ्यांक प्रणालीको उपयोग गर्नेछ ।

**१४. सार्वजनिक, नागरिक तथा निजि क्षेत्रबाट तथ्यांकको उपयोगमा सहजिकरणः**

गाउँपालिकाले सरकारी, सार्वजनिक, नागरिक तथा निजी क्षेत्रलाई आवश्यक पर्ने तथ्यांक उपलव्ध गरी सहज उपयोग गर्न गराउन मद्दत गर्नेछ ।

## परिच्छेद ५

## तथ्यांकमा पहुँचसम्बन्धी व्यवस्था

**१५. तथ्यांकमा नागरिकको पहुँचको अधिकारः**

(१) गोपनीयता, सुरक्षा वा अन्य कानूनी बन्देज लागू नहुने हुने सबै सार्वजनिक तथ्यांकमा विनाभेदभाव सबै नागरिकको पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाईनेछ । स्पष्टिकरणः अन्य कानूनी वन्देज भन्नाले प्रतिलिपी अधिकार, पेटेण्ट लगायत प्रचलित कानूनमा तोकिएको बन्देजलाई बुझाउँछ ।

(२) गाउँपालिकाले तथ्यांकलाई निःशुल्क उपलब्ध गराउनु पर्नेछ। तर कुनै तथ्यांक उपलव्ध गराउन खर्च लाग्ने भएमा पारदर्शी तरिकाले लागत खर्च लिई तथ्यांकलाई उपलब्ध गराउन सक्नेछ।

**१६. तथ्यांक अधिकृतको व्यवस्थाः**

(१) गाउँपालिका अन्तर्गत सूचना तथा प्रविधि शाखाका एकजना अधिकृतस्तरको कर्मचारीलाई तथ्यांक अधिकृत तोक्नेछ ।तर गाउँपालिमामा अधिकृतस्तरको कर्मचारी उपलव्ध नभएको खण्डमा सूचना अधिकारीलाई नै तथ्यांक अधिकृत तोक्न सक्नेछ ।

(२) गाउँपालिकाको तथ्यांक प्रणालीको जिम्मेवारी तथ्यांक अधिकृतको रहनेछ ।

**१७. सामाजिक सञ्जालबाट सूचना प्रवाह सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिकाले आधिकारीक सामाजिक सञ्जाल प्रोफाईल बनाई सार्वजनिक सूचना तथा तथ्यांक प्रवाह सम्बन्धी व्यवस्था मिलाउनेछ ।

(२) गाउँपालिकाले सामाजिक सञ्जालमा नेपाली भाषाको साथै स्थानीय भाषामा पनि सूचना प्रवाह गर्न आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

**१८. वेबसाइटबाट सूचना प्रवाह सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिकाको वेबसाइटबाट सूचना प्रवाह गर्ने व्यवस्था गरिनेछ।

(२) गाउँपालिकाले वेबसाइटमा नेपाली भाषाको साथै स्थानीय भाषामा पनि सूचना प्रवाह गर्न आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

(३) गाउँपालिकाले वेवसाइटलाई अपांगता भएका व्यक्ति लगायतका विभिन्न प्रयोगकर्ताहरूको पहुँच र सहजतालाई सहजीकरण हुने गरी प्रयोगकर्ता मैत्री वेवसाइट निर्माण तथा अधावधिक गर्न पहल गर्नेछ ।

## परिच्छेद ६
## तथ्यांक सुरक्षासम्बन्धी व्यवस्था

**१९. सार्वजनिक तथ्यांक सुरक्षा सम्बन्धी व्यवस्थाः**

(१)गाउँपालिकाले कम्प्युटर डाटावेस तथा प्रणालीमा भएको सबै सूचना, तथ्यांक तथा अभिलेख सुरक्षित राख्ने उचित व्यवस्था मिलाउनेछ ।

(२) कम्प्युटर डाटावेस तथा प्रणालीसँग सम्बन्धित भौतिक पूर्वाधारहरू घाम पानी मुसा कीरा जस्ता नाशक तत्वबाट सुरक्षित राख्ने व्यवस्था मिलाउनेछ।

(३) कम्प्युटर डाटावेस तथा प्रणालीलाई अनलाइन तथा साईवर आक्रमणबाट बचाउन विशेष व्यवस्था मिलाउनेछ ।

(४) कम्प्युटर डाटावेस तथा प्रणालीलाई विपद् पश्चात पुनः प्राप्ती गर्न सक्ने गरी मिलाउनेछ ।

(५) कम्प्युटर डाटावेस तथा प्रणालीको वार्षिक सुरक्षा अडिट गरिने व्यवस्था मिलाइनेछ ।

**२०. क्लाउडमा तथ्याक भण्डारण सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिकाले कम्प्युटर डाटावेस तथा प्रणालीमा भएको सबै सूचना, तथ्यांक तथा अभिलेख सुरक्षित राख्न क्लाउडमा तथ्यांक भण्डारण गर्ने व्यवस्था मिलाउनेछ ।

(२) उपदफा (१) बमोजिम क्लाउडमा तथ्यांक भण्डारण गर्न आवश्यक पूर्वाधार निर्माण गर्नेछ ।

(३) क्लाउडमा तथ्यांक भण्डारण गरिएको तथ्यांकलाई अनलाइन तथा साईवर आक्रमणबाट बचाउन विशेष व्यवस्था मिलाइनेछ ।

**२१.व्यक्तिगत तथा संवेदनशील तथ्यांकको गोपनियता सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिकाले संकलन गरेका कुनै व्यक्तिगत तथा इकाईगत विवरण, लगत, सूचना, तथ्यांक, कम्प्युटर डाटाबेस, विद्युतीय अभिलेख अथवा तिनका कुनै अंश सामुहिक तथ्यांकीय प्रयोजनका लागि मात्र प्रयोग गरिनेछ।

(२) गोपनियताको कानून बमोजिम गोपनियता कायम गर्न पर्ने कुनै व्यक्तिगत तथा इकाईगत विवरण, लगत, सूचना, तथ्यांक, कम्प्युटर डाटाबेस, विद्युतीय अभिलेख अथवा तिनका कुनै अंशमाथि कसैको पनि अनाधिकृत पहुँच हुन दिइने छैन ।

**२२. तथ्यांक प्रणालीमा पहुँच सम्बन्धी व्यवस्थाः**

(१) कम्प्युटर डाटावेस तथा तथ्यांक प्रणालीमाथि तथ्यांक अधिकृत वा अन्य आधिकारीक व्यक्तिको मात्र पहुँच हुनेछ ।

(२) अनाधिकृत पहुँच रोक्न सुरक्षाका उपायहरू अवलम्बन गरिनेछ ।

**२३. तथ्यांक सुरक्षाका लागि आवश्यक सफ्टवेयरको प्रयोग सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिकाले तथ्यांक सुरक्षाका लागि आवश्यक सफ्टवेयरको व्यवस्था गर्नेछ ।

(२) गाउँपालिकाले तथ्यांक सुरक्षाका लागि सुरक्षा अडिट गरिएको सफ्टवेयरको प्रयोग गर्नेछ ।

## परिच्छेद ७

## तथ्यांक व्यवस्थापन संयन्त्र सम्बन्धी व्यवस्था

**२४. गाउँपालिकास्तरीय तथ्यांक समितिको गठनः**

(१) गाउँपालिकाको एकीकृत तथ्यांक प्रणालीको विकासको लागि देहायबमोजिमको व्यक्तिहरु रहेको समिति गठन हुनेछः

| | |
|---|---|
| (क) गाउँपालिकाको उपाध्यक्ष | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) गाँउपालिका अध्यक्षले तोकेका १ जना महिला सहित २ जना कार्यपालिका सदस्य | सदस्य |
| (घ) तथ्यांक अधिकृत | सदस्य सचिव |

(२) समितिको बैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रित सदस्यका रुपमा बोलाउन सकिनेछ ।

**२५. गाउँपालिका स्तरीय तथ्यांक समितको काम कर्तव्य र अधिकारः** दफा (२४) बमोजिम गठन भएको समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) तथ्यांक संकलन, उत्पादनको सुनिश्चितताको लागि एकीकृत तथ्यांक प्रणाली विकसित गर्ने र सोका लागि अवलम्बन गर्नुपर्ने अल्पकालीन तथा दीर्घकालीन योजना र नीतिको सम्बन्धमा गाउँपालिकालाई सुझाव दिने;

(ख) गाउँपालिकाको तथ्यांक प्रणालीलाई प्रादेशिक तथा राष्ट्रिय मापदण्ड अनुसार विकसित गर्दै लैजान आवश्यक काम गर्ने गराउने;

(ग) तथ्यांकीय कार्यको बाँडफाँडको व्यवस्था गर्ने गराउने;

(घ) तथ्यांकीय क्रियाकलापसँग सम्बन्धित शाखालाई संकलित तथ्यांकहरुको प्रशोधन, विश्लेषण प्रकाशन तथा सुरक्षा गर्न निर्देशन दिने;

(ङ) तथ्याङकसँग सम्बन्धित विवाद, तथ्यांकको गतल भएको भनी परेको उजुरी तथा कार्यालयलाई लागेको अवस्थामा तथ्यांकको आधिकारिकताको विषयमा उपयुक्त सल्लाह दिई समाधानका लागि सहयोग गर्ने;

(च) समष्टिगत तथ्यांक योजनाको अनुगमन तथा मूल्यांकन गर्ने;

(छ) गाउँपालिकाको तथ्यांक प्रणालीलाई व्यवस्थित एवं विश्वसनीय बनाउन अन्य आवश्यक कार्य गर्ने गराउने; र

(ज) गाउँपालिकाको तथ्यांक व्यवस्थापनलाई खुल्ला तथ्यांक मापदण्ड अनुरूप व्यवस्थित गर्ने गराउने ।

**२६. गाउँपालिकास्तरीय तथ्यांक समितको बैठकः**

(१) समितिको बैठक हरेक तीन महिनामा कम्तिमा एक पटक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) संयोजकको निर्देशनअनुसार सदस्यसचिवले बैठक बस्ने मिति, समय, स्थान र छलफलको विषयसूची सहितको सूचना बैठक बस्नुभन्दा कम्तीमा ३ दिन अगावै सदस्यहरुलाई पठाउनुपर्नेछ ।

(३) समितिका कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता समिति संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूहरु मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ छ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत समेत दिनेछ।

(६) समितिको बैठकको निर्णय सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद ८

## तथ्यांक मापदण्डसम्बन्धी व्यवस्था

**२७. युनिकोडको प्रयोगः** गाउँपालिकाले पुराना तथा नयाँ तथ्यांक र अभिलेखलाई कम्प्युटरमा प्रविष्ट गरी डिजिटाइजेसन गर्दा युनिकोडको प्रयोग गर्नेछ ।

**२८- खुला तथ्यांक मापदण्ड सम्बन्धी व्यवस्थाः** गाउँपालिकाले देहायको खुल्ला तथ्यांक मापदण्डको प्रयोग गर्नेछ :

(क) सबै सार्वजनिक तथ्यांक गाउँपालिकाको सार्वजनिक गरिनेछ र सबैको उपयोगका लागि उपलब्ध गराइनेछ।

(ख) गाउँपालिकाले सम्भव भएसम्म प्राथमिक स्रोतबाट नै तथ्यांक संकलन गर्नेछ।

(ग) गाउँपालिकाले सम्भव भएसम्म तथ्यांक समयमै उपलव्ध गराउनेछ ।

(घ) गाउँपालिकाले बहुउद्देश्यका लागि तथ्यांकको उपयोग गर्न मिल्ने गरी तथ्यांक उपलब्ध गराउनेछ ।

(ङ) गाउँपालिकाले सम्भव भएसम्म तथ्यांकहरूलाई अनलाईन उपलव्ध गराउनेछ ।

(च) गाउँपालिकाले तथ्यांक विनाभेदभाव सबैलाई समान पहुँच हुने गरी उपलव्ध गराउनेछ ।

(छ) गाउँपालिकाले तथ्यांकमा एकाधिकार नराखी सबैको उपयोगका लागि तथ्यांकमा उपलव्ध गराउनेछ ।

(ज) गाउँपालिकाले तथ्यांक संकलन गर्दा लिंग/लैंगिक पहिचान जस्ता संवेदनशील विषयमा स्वपहिचानको सिद्धान्तलाई आत्मसात गर्नेछ ।

## परिच्छेद ९
## विविध

**२९. तथ्यांक साक्षरता तथा क्षमता अभिवृद्धिः** (१) खण्डीकृत तथ्यांक संकलन गर्न तथा सही तथ्यांक उपलव्ध गराउन प्रोत्साहन गर्न गराउन र तथ्यांकको प्रयोगको महत्व बुझाउन नागरिक तथ्यांक साक्षरता कार्यक्रम संचालन गर्नेछ ।

(२) कार्यालयका कर्मचारीहरूलाइ तथ्यांकको महत्व तथा प्रयोगको बारेमा जानकारी दिने गरी क्षमता अभिवृद्धिका कार्यक्रमहरू नियमित संचालन गरेनेछ ।

(३) निर्वाचित जनप्रतिनिधिहरूसँग तथ्यांकको बहुआयामिक प्रयोगको सन्दर्भमा निरन्तर छलफल गरिनेछ ।

(४) तथ्यांक संकलन, भण्डारण र उपयोगमा गाँउपालिकालाई सहयोग पुग्ने गरी आवश्यक अध्ययन, अनुसन्धान गर्ने र छलफलका लागि उचित बजेटको व्यवस्था तथा कार्यक्रमहरू तय गरिनेछ ।

**३०. सरोकारवालासँग सहकार्यः** खण्डीकृत तथ्यांक संकलन गर्न गाउँपालिकाले साझेदार संस्था, नागरिक समाज तथा निजी क्षेत्रसँग सहकार्य गर्नेछ ।

**३१. बजेट विनियोजनः** गाउँपालिकाले तथ्यांक प्रणाली विकास तथा सुरक्षाका लागि पूर्वाधार निर्माणका लागि आवश्यक बजेट विनियोजन गर्नेछ ।

**३२. कार्यविधिमा संशोधनः** यस कार्यविधिमा संशोधन गर्नुपर्ने भएमा गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

**३३. बाधा अडकाउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध आएमा कार्यपालिकाले बाधा अडकाउ फुकाउन सक्नेछ ।

आज्ञाले,
ओम प्रकाश देबकोटा
प्रमुख प्रशासकिय अधिकृत